सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २१९ ♦ २०८३ साल वैशाख २ बुधवार ♦ 15 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सि.ए. प्रमोद कुमार साह
अध्यक्ष
नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

# मधेश सरकारको गति कमजोर भएको आरोप




खबर दर्पण समाचारदाता
**वैशाख १ गते, बर्दिवास**

मधेश प्रदेशमा चार महिनाअघि गठन भएको कृष्णप्रसाद यादव नेतृत्वको सरकारको कार्यसम्पादन अपेक्षाअनुसार अघि नबढेपछि सत्तारुढ गठबन्धनभित्र असन्तुष्टि बढ्न थालेको छ ।

सत्ता साझेदार जनमत पार्टीले सरकारको गति र कार्यशैलीप्रति खुलेर प्रश्न उठाउन थालेको हो ।

हालै काठमाडौंमा बसेको पार्टी सचिवालय बैठकमा मधेश सरकारको कामकाजको विस्तृत समीक्षा गरिएको थियो । बैठकमा सरकार प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको निष्कर्ष निकालिएको जनाइएको छ ।

जनमत पार्टीका महासचिव चन्दन सिंहले सरकारको कामप्रति असन्तुष्टि व्यक्त गर्दै आवश्यक सुधार नभए समर्थनबारे पुनर्विचार गर्नुपर्ने अवस्था आउन सक्ने चेतावनी दिए ।

उनका अनुसार चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कमजोर देखिएको छ भने पुँजीगत खर्चसमेत न्यून रहेको छ । विकास योजनाहरू अघि बढ्न नसकेको र कतिपय आयोजनामा अझैसम्म टेण्डर प्रक्रिया नै सुरु नभएको उनले आरोप लगाए ।

महासचिव सिंहले सरकारले अपेक्षाअनुसार गति लिन नसकेको भन्दै काम गर्ने शैलीमै परिवर्तन आवश्यक रहेको बताए ।

यसअघि नेकपा एमालेका सरोज यादवलाई विवादित प्रक्रियामार्फत मुख्यमन्त्री बनाइएको घटनापछि मधेश प्रदेशको राजनीतिक अवस्था अस्थिर बनेको थियो । त्यसपछि विभिन्न दलहरूको गठबन्धनमार्फत कृष्ण यादवको नेतृत्वमा नयाँ सरकार गठन गरिएको हो ।

हाल मधेश प्रदेश सरकारमा कांग्रेस, जनता समाजवादी पार्टी, जनमत पार्टी र नेकपा गरी चार दल सहभागी छन् । जनमत पार्टीले अर्थ तथा सामाजिक विकास र खेलकुद मन्त्रालयको जिम्मेवारी सम्हालिरहेको छ ।

यता, नयाँ बजेट तयारीको समय नजिकिँदै गर्दा नीति तथा योजना आयोग पनि अपेक्षित रूपमा सक्रिय नभएको आरोप जनमत पक्षले लगाएको छ ।

गठबन्धनको समन्वय र राजनीतिक संस्कृतिअनुसार सरकार अघि नबढेको भन्दै आन्तरिक असन्तुष्टि अझै बढ्ने देखिएको छ ।

# जनकपुरधामलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटकीय केन्द्र बनाउने प्रदेश सरकारको लक्ष्य



खबर दर्पण समाचारदाता
**वैशाख १ गते, जनकपुरधाम**

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले जनकपुरधामलाई अन्तर्राष्ट्रिय स्तरको धार्मिक तथा पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सञ्चार क्षेत्रको भूमिका निर्णायक हुने बताएका छन् ।

मधेश भवनमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै मन्त्री महतोले जनकपुरधामको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वलाई विश्वसामु चिनाउन सञ्चारमाध्यमले जिम्मेवार, तथ्यपरक र सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याए ।

उनका अनुसार मिथिलाको प्राचीन राजधानीको रूपमा परिचित जनकपुरधाममा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाको प्रभावकारी प्रचार प्रसार गर्न सके आन्तरिक तथा बाह्य पर्यटनमा उल्लेखनीय वृद्धि हुने सम्भावना छ ।

मन्त्री महतोले जनकपुरधामलाई केवल धार्मिक आस्थाको केन्द्रका रूपमा मात्र नभई नेपालको सांस्कृतिक पहिचानको महत्वपूर्ण प्रतीकका रूपमा प्रस्तुत गरे।

*बाँकी पृष्ठ ३ मा*

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

HOTEL KOMAL



**कोमल होटेल, ढल्केवर धनुषा**

## शिरीष संचार समूह

## नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# नयाँ वर्षमा बर्दिवासको पञ्चधुरा माईस्थान मन्दिरमा भक्तजनको व्यापक भीड

अजयकुमार साह

**वैशाख १ गते, बर्दिवास**

वैशाख १ गते अर्थात नयाँ वर्षका दिन महोत्तरीको बर्दिवास नगर पालिका ५ माईस्थान स्थित प्रसिद्ध धार्मिक स्थल पञ्चधुरा मन्दिरमा भक्तजनको व्यापक भीड देखियो ।

पञ्चधुरामाई मन्दिर मधेश प्रदेशकै एक प्रसिद्ध धार्मिक तथा आस्थाको केन्द्र हो। यो मन्दिर विशेष गरी देवी भगवती प्रति श्रद्धा राख्ने भक्तजनका लागि महत्वपूर्ण तीर्थस्थलका रूपमा चिनिन्छ।

पञ्चधुरामाई मन्दिरलाई मधेश क्षेत्रको प्रमुख शक्ति पीठ मध्ये एक मानिन्छ। यहाँ देवी भगवतीको वास रहेको विश्वास गरिन्छ, जसका कारण नेपालका विभिन्न जिल्ला मात्र नभई भारतको बिहार क्षेत्रबाट समेत भक्तजन दर्शनका लागि आउने गर्दछन् ।

भक्तजनहरूले यहाँ आएर मनोकामना पूरा हुने, शान्ति प्राप्त हुने तथा जीवनका कठिनाइहरू कम हुने विश्वास राख्छन्।

यो मन्दिर पूर्व-पश्चिम राजमार्गबाट करिब २ किलोमिटर उत्तरतर्फ वनक्षेत्र छिचोलेर पुगिने बर्दिवास नगर पालिका-५ माईस्थान जंगलभित्र अवस्थित छ, जसले यसलाई प्राकृतिक रूपमा निकै शान्त र रमणीय बनाएको छ।

मन्दिर परिसर हरियालीले भरिएको छ र त्यहाँ एक कमल पोखरी समेत रहेको छ, जसले धार्मिक तथा पर्यटकीय आकर्षण थपेको छ।

यहाँ विशेष गरी नवरात्र, दशैं तथा अन्य धार्मिक अवसरहरूमा ठूलो मेला लाग्ने गर्दछ। स्थानीय भक्तजनले नियमित पूजा-आराधना गर्ने परम्परा पनि रहेको छ भने टाढा टाढाबाट यहाँ पिकनिक मनाउन आउनेहरुको पनि भीड लाग्ने गरेको छ।

पञ्चधुरामाई मन्दिर केवल धार्मिक स्थल मात्र नभई बर्दिवास क्षेत्रको सांस्कृतिक पहिचान र पर्यटन विकासको महत्वपूर्ण आधार बनेको छ। धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र स्थानीय संस्कृतिको संगमका रूपमा यसले विशेष स्थान ओगटेको छ।

पछिल्लो समय मन्दिरको संरक्षण र सौन्दर्यीकरणका लागि बर्दिवास नगरपालिकाले विभिन्न कामहरू अघि बढाएर यस क्षेत्रलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने योजना राखेको वर्दिवासका मेयर प्रहलाद कुमार क्षेत्रीले जानकारी दिनुभयो ।

आज नेपालको नयाँ वर्ष भएकाले महोत्तरी जिल्ला सहित वरीपरीका जिल्लाका सयौंको संख्यामा दर्शनका लागि भक्तजनहरु पुगेका थिए ।

नयाँ वर्षको अवसर पारेर यस मन्दिरमा पूजाआजाका लागि हालसम्मकै धेरै भक्तजन आएको पञ्चधुरा माईमन्दिर सौन्दर्यीकरण समितिका अध्यक्ष दानबहादुर थापाले बताउनुभयो ।



उहाँले भन्नुभयो, “आज अहिले सम्मकै धेरै संख्यामा भक्तजनहरु आउनुभएको देखियो । झिसमिसे विहान नै देखि साँझ ५-६ बजे सम्म मन्दिरमा भक्तजनहरुको भिड लागेको थियो ।”

माईस्थानस्थित प्राचीन यो देवी शक्तिपिठ साक्षात भगवतीको निवास मानिएकोले यस शक्तिपीठमा गरेको भाकल पूरा भएका भक्तजनहरू बोकाको बली चढाउन आउने गर्छन् । भाकल पूरा गर्न परेवा पनि उडाउने गरिन्छ । नरिवल र पुलप्रसाद चढाएर पनि पूजाआजा गर्ने चलन छ । नयाँ सवारी साधन खरिद गरेकाहरु पनि यहाँ सवारीको पूजा गर्न आउने गर्छन् ।

धेरै नागरिकको आस्थाको केन्द्र रहेको आठ बिघा भन्दाबढी क्षेत्रमा फैलिएको यो मन्दिर मधेसका सबै जिल्ला, छिमेकको सिन्धुली र उदयपुर एवं भारतको बिहार प्रान्तका कैयौं जिल्लाका श्रद्धालुले यसलाई आस्थाको केन्द्र र दुःख निवारण स्थलका रूपमा हेर्न गरेका छन्।

बर्दिबास नगरपालिका मेयर प्रह्लादकुमार क्षेत्रीले नगरक्षेत्रका धार्मिक तथा पर्यटकीयस्थलको संरक्षण, पूर्वाधार विकास र व्यवस्थापनका कामलाई प्राथमिकतामा राखिएको बताउनुभयो। नगरपालिकाले यी कामका लागि स्रोत व्यवस्थापन गर्न प्रदेश तथा केन्द्र सरकारको समेत ध्यानाकर्षण भइरहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'यहाँ पञ्चधुरामाई, टुटेश्वरनाथ मन्दिर , राइमण्डलधाम, मध्यपाषाण युगकालीन हतियार कारखाना, गिद्धबास, सोली घोप्टेडाँडा, बेसारेडाँडा र चनौटेडाँडा सहितका धार्मिक र पर्यटकीय महत्वका ठाउँहरु छन्, हामीले आन्तरिक स्रोतबाट सकिने काम गरिरहेकै छौं तर बढी स्रोत आवश्यक पर्ने कामका लागि प्रदेश र केन्द्र सरकारसँग पनि आवश्यक समन्वय भइरहेको छ। यसमा सबै सरोकार भएकाहरूबाट सहयोगको अपेक्षा गरेका छौं ।


## नव वर्ष २०८३ को शुभकामना




नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

यहाँ विहे, बर्तमन, पार्टी, तालिम, गोष्ठी, सेमिनार गर्नको लागि राम्रो वातानुकुल हलको व्यवस्था हुनुको साथै प्रयाप्त स्थान र खानापानको राम्रो व्यस्था छ।

विएनबी होटेल, पार्टी प्यालेस, महेन्द्रनगर धनुषा

प्रो. विनयकुमार साह, मोबाइल नं. ९८१२१५४८३२


## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

## जनकपुरधामलाई ...........

उनले सञ्चार क्षेत्रले यथार्थपरक सूचना प्रवाह गर्दै सकारात्मक सन्देश फैलाउन सके जनकपुरधामको छवि अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे। उनले वर्तमान राजनीतिक परिवेशप्रति पनि टिप्पणी गर्दै राजनीतिक दलहरूलाई केवल सत्ता प्राप्तिको माध्यमका रूपमा हेर्ने प्रवृत्ति बढ्दै गएकोमा चिन्ता व्यक्त गरे। उनका अनुसार राजनीतिक दलहरू पेशा नभई जनताको सेवा गर्ने पवित्र संस्था हुन् र राजनीति व्यक्तिगत लाभको साधन नभई जनहितका लागि समर्पित हुनुपर्छ।

मन्त्री महतोले नेताहरू तथा कार्यकर्ताहरूलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्र र समाजको समग्र हितमा काम गर्न आग्रह गरे। उनले प्रदेश सरकार सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राखेर अघि बढिरहेको जानकारी दिँदै विकास र सेवाप्रवाहलाई प्रभावकारी बनाउने प्रयास जारी रहेको बताए।

जनकपुरधामको धार्मिक पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकार ले विभिन्न योजना अघि बढाएको पनि उनले जानकारी दिए। ती योजनामा पूर्वाधार विकास, सर सफाइ व्यवस्थापन, यातायात सुधार तथा सुरक्षा व्यवस्थाको सुदृढीकरण प्रमुख रहेका छन्।

मन्त्री महतोले जनकपुरधामको समग्र विकासका लागि स्थानीय तह, निजी क्षेत्र र सञ्चार माध्यमबीच सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गरे। उनले सबै पक्षबीच समन्वय र सहकार्य कायम भए मात्र दिगो विकास सम्भव हुने उल्लेख गरे।

कार्यक्रममा उपस्थित सञ्चार कर्मीहरूले समेत जनकपुर धामको विकासका लागि राज्यले ल्याएका नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिएका थिए।

मन्त्री महतोले सबै सरोकारवालालाई साझा लक्ष्यका साथ अघि बढ्न आह्वान गर्दै जनकपुर धामलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको दोहोर्याए।

# नयाँ वर्ष २०८३ का अवसरमा
# जनकपुरधामको जानकी मन्दिरमा भक्तजनको भीड

**खबर दर्पण समाचारदाता**
**वैशाख १ गते, जनकपुरधाम**



नयाँ वर्ष २०८३ का अवसरमा जनकपुरधामको जानकी मन्दिरमा भक्तजनको भीड लागेको छ।

वर्षको पहिलो दिन आज जनकपुरधामस्थित प्रसिद्ध जानकी मन्दिरमा भक्तजनहरू वर्षभर राम्रो होस् भन्ने हेतुले पूजापाठका लागि जम्मा भएका छन्।

हिन्दूहरुको आस्थाको केन्द्र विश्वप्रसिद्ध जानकी मन्दिरसहित राम मन्दिर, जनक मन्दिर, भूतनाथ मन्दिरमा भक्तजनहरूको घुइँचो लागेको छ।

नयाँ वर्षमा मन्दिरहरूमा पूजापाठ गर्नाले विशेष फल प्राप्त हुने र वर्षभरि राम्रोसँग बित्ने धार्मिक जनविश्वाससहित मन्दिर दर्शन गर्न परिवार सहित आएको क्षीरेश्नरनाथ नगर पालिका ५ महेन्द्रनगर की नमिता उप्रेतीले बताउनुभयो।

नयाँ वर्षले गर्दा मधेस प्रदेशको राजधानी समेत रहेको जनकपुर धाममा आन्तरिक तथा भारतीय पर्यटकहरूको अत्यधिक भीडको कारण सवारीसाधनको व्यवस्थापन गर्न बिहानदेखि नै ट्राफिक प्रहरीलाई हम्मेहम्मे परेको छ।

वैशाख १ गते वर्षको पहिलो दिन पूजापाठ र दर्शन गर्न तथा घुम्नका लागि आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने लागेको छ। जानकी मन्दिरमा बिहानदेखि दर्शनार्थी भीडभाड देखिएको छ।

मन्दिरमा प्रसाद चढाउने भक्तजनको पनि बिहान देखि नै लाइन लागेर घुइँचो तथा भीड लागेको छ भने जानकी मन्दिर परिसरमै रहेको म्युजियम हेर्न समेत दर्शनार्थीहरुको लामो लाइन लागेको देखिएको छ।जसकारण मन्दिर परिसरमा भक्तजनको भिड उल्लेख्य छ।

धार्मिकस्थलका साथै जनकपुर धाम पर्यटकीयनगरी समेत हो। जसकारण पनि नयाँ वर्षका दिन घुमफिरका लागि मानिसहरूको भिड लाग्ने गर्छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७४।१०।१० मा दर्ता भएको प्रा.लि.नं.१८२१७८ भएको काँटा चम्चा क्याफे एण्ड फेमेलि रेष्टुरेन्ट (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८२।१२।१० निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

### बिमालेख हरायो


जनकपुर देखि बर्दिवास जाने क्रममा मिति २०८२ माघ १५ गते मेरो तपसीलमा उल्लेख भएको एसियन लाइफ इन्सुरेन्स कम्पनी लि. को बिमा लेख हराएकोले भेटाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालयमा बुझाउनु हुन वा मेरो सम्पर्क नम्बर ९८४०५७६३७१ मा जानकारी गराइ सहयोग गरि दिनु हुन अनुरोध छ।

तपसील
नाम : चित्र बहादुर सिंजाली मगर
ठेगाना : गणेशमान चारनाथ नगरपालिका १ धनुषा
बिमालेख नम्बर : ६६११०००३९१३ (66110003913)




# शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# नयाँ वर्षमा अपाङ्गता भएका व्यक्तिलाई ह्वीलचेयर वितरण

**खबर दर्पण समाचारदाता**

**वैशाख १ गते, बर्दिवास**

नयाँ वर्ष २०८३ को अवसर पारेर लायन्स क्लब इन्टरनेशनल ३२५ँ अन्तर्गत लायन्स क्लब अफ बर्दिबास समाजले अपाङ्गता भएका व्यक्तिहरूको सहजताका लागि ह्वीलचेयर वितरण गरेको छ।

बर्दिबास नगरपालिका-११, खयरमारामा आयोजित कार्यक्रममा शारीरिक रूपमा अशक्त व्यक्तिहरूलाई लक्षित गरी ह्वीलचेयर हस्तान्तरण गरिएको हो। सामाजिक सेवामा सक्रिय लायन्स क्लबले नयाँ वर्षको सुरुआतसँगै मानवीय सेवा विस्तार गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरेको जनाएको छ।

कार्यक्रममा लायन्स क्लब अफ बर्दिबास समाजका अध्यक्ष बैकुण्ठ प्रसाद देवकोटाले अपाङ्गता भएका व्यक्तिहरूलाई दैनिक जीवन सहज बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले ह्वीलचेयर वितरण गरिएको बताउनुभयो। उहाँले आगामी दिनमा पनि यस्ता सामाजिक सेवामूलक कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा जोन चेयर पर्सन उमेश महतो, क्लबकी सचिव सुनिता बराल, उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा लायन विष्णु खडका, वडा अध्यक्ष गोपाल बल लगायतको उपस्थिति रहेको थियो। सहभागी वक्ताहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने धारणा राख्नुभयो।


स्थानीयवासीले लायन्स क्लबको पहललाई सराहनीय भन्दै यस्ता सहयोगले अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर सुधारमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन्।

लायन्स क्लबले विगतदेखि नै शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा विभिन्न सहयोगात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ।



व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।
साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।
अनुरोधकर्ता :
गौशाला नगरपालिका
महोत्तरी, मधेश प्रदेश

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।
साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था र हेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।
अनुरोधकर्ता :
जनकपुरधाम उपमहानगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश




अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
➢ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➢ ICU, NICU, PICU सेवा
➢ X-Ray, USG, CT Scan सेवा
➢ Endoscopy/Diode Laser सेवा
➢ Laproscopy सेवा
➢ क्याबिनको समेत व्यवस्था भएको
➢ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➢ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,